स्थानीय राजपत्र

सुरुङ्गा नगरपालिकाद्धारा प्रकाशित

खण्ड ५ संख्याः १ मितिः २०८३।०२।२९


# भाग-२

## सुरुङ्गा नगरपालिका

## सुरुङ्गा नगरपालिका

मधुपट्टी, ससरी

मधेश प्रदेश, नेपाल

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुरुङ्गा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

<u>२०८३ सालको कार्यविधि नं. १</u>

**सुरुङ्गा नगरपालिकाको नदिजन्य पदार्थको मौज्दात परिमाण प्रमाणित गर्ने सम्बन्धी कार्यविधि, २०८३ नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०२।२९**

प्रस्तावनाः विकास निर्माण लगायतका कार्यमा आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति सुनिश्चित गर्न, त्यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहन, अवैध उत्खनन तथा चोरी निकासीलाई निरुत्साहित गरी दीगो उपयोग एवं राजस्व संकलनलाई व्यवस्थित बनाउन आवश्यक भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(प) ले दिएको अधिकार प्रयोग गरी सुरुङ्गा नगरपालिकाले देहायको कार्यविधि जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "सुरुङ्गा नगरपालिकाको नदिजन्य पदार्थको मौज्दात परिमाण प्रमाणीकरण सम्बन्धी कार्यविधि, २०८३" रहनेछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा : (१)** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा—

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ।

(ख) "नदिजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारबाट उत्खनन गरिएको ढुङ्गा, गिट्टी, बालुवा,माटो,वलौटो,भरौट जस्ता साधारण निर्माण सामग्री बुझिन्छ।

(ग) "नगरपालिका" भन्नाले सुरुङ्गा नगरपालिका सम्झनुपर्छ।

(घ) "मौज्दात" भन्नाले उत्खनन तथा संकलन गरी बिक्री वितरण पश्चात बाँकी रहेको पदार्थ बुझिन्छ।

(ङ) "परिमाण" भन्नाले ढुङ्गा, गिट्टी, बालुवाको मात्रा बुझिन्छ।

(च) "अनुगमन समिति" भन्नाले मौज्दात परिमाण प्रमाणीकरणका लागि गठन गरिएको नगरपालिका स्तरीय समिति बुझिन्छ।

**३. नदिजन्य पदार्थको सङ्कलन, उत्खनन् र विक्रिः** (१) नगरपालिकाकोअनुमति बिना नदिजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्रि वितरण कार्य गर्न पाइने छैन यदि कसैले यस्तो कार्य गरे गराएमा प्रचलित कानुन बमोजिम हुने छ ।

**४. मौज्दात परिमाण प्रमाणित गर्नेः** (१) नगरपालिका भित्र संचालित क्रसरउधोग, बालुवा प्रशोधन केन्द्र तथा नदिजन्य पदार्थको कारोवार तथा बिक्री वितरण गर्ने फर्म तथा सप्लायर्स र नगरपालिकाले आव्हान गरेको ठेक्कामा सहभागी भै ठेक्का प्राप्त गर्ने ठेकेदार एवं सप्लायर्सले यस कार्यविधि वमोजिम मौज्दात विवरण प्रमाणित नगरी बेचबिखन गर्न सक्ने छैन ।

(२) नगरपालिकाले प्रदान गरेको अनुमति तथा एक आर्थिक वर्षमा आह्वान भएको आन्तरिक आयको ठेक्का कबोल गरि सम्झौता गर्ने फर्म तथा कम्पनीले उत्खनन् गरि सङ्कलन गरेको परिमाण र नगरपालिकाबाट ठेक्का कबोल गरेको व्यवसायीबाट खरिद गरेको बिलको आधारमा उद्योग, कसर, फर्म/कम्पनी, प्रशोधन केन्द्र वा सप्लायर्सको बार्षिक रुपमा मौज्दात परिमाण प्रमाणित गरिनेछ पालिका भन्दा बाहिरबाट खरिद गरेको भए सो खुल्ने कागजात हुनुपर्ने छ।

(३) मौज्दात प्रमाणितका लागि आवश्यक विवरण सहित निवेदन पेश गर्न नगरपालिकाले सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि कम्तिमा ७ दिनको अवधि दिई सूचना आह्वान गर्न सक्नेछ ।त्यसरी सूचना प्रकाशन भएपश्चात वा प्रत्येक असार महिनाको सात दिन भित्र वा ठेक्का अवधि समाप्त भएको मितिले सात दिन भित्र नदिजन्य पदार्थको मौज्दात परिमाण प्रमाणित गर्न ठेकदार कम्पनीले तथा अन्य क्रसर, बालुवा प्रशोधन तथा नदिजन्य पदार्थको कारोवार गर्ने फर्म, कम्पनी तथा संस्थाले निवेदन दिनु पर्ने छ ।सो अवधि पश्चात दिइएको निवेदन उपर कुनै कारवाही हुनेछैन ।

(४) मौज्दात परिमाण प्रमाणित गराउने दायित्व सम्बन्धित फर्म/कम्पनीको हुने छ ।

(५) मौज्दात परिमाण प्रमाणित गर्नको लागि अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने छ ।

(६) प्राप्त निवेदनको आधारमा नगरपालिकाले अनुसूची -२ बमोजिमको ढाँचामा मौज्दात परिमाण प्रमाणित गरेको पत्र दिनेछ ।

(७) मौज्दात परिमाण एकिन गर्न नगरपालिकाको अनुगमन समितिको रोहवरमा प्राविधिक नापजाँच पश्चात प्राप्त प्राविधिक प्रतिवेदन बमोजिम राजश्व शाखाले परिमाण एकिन गरी नगरपालिकामा पेश गरे बमोजिम मौज्दात प्रमाणित सम्बन्धको निर्णय नगर कार्यपालिका बैठकले गर्नेछ।

(८) उपनियम (७) बमोजिम निवेदकको निवेदन तथा अनुमति प्राप्त परिमाण अनुसार हुनुपर्ने बाँकी मौज्दात परिमाण अधिक देखिएमा प्रदेश आर्थिक ऐन एवं नगरपालिकाको आर्थिक ऐनले तोकेबमोजिमको राजस्व जरिवाना असुल गरि नगरपालिकाले मौज्दात प्रमाणित गर्न सक्ने छ।

(९) नदीजन्य पदार्थको मौज्दात परिमाण प्रमाणित गर्ने दायित्व नगरपालिकाको हुनेछ ।तर प्रचलित कानून विपरित कार्य नगर्ने उद्योग, क्रसर, फर्म/कम्पनी, प्रशोधन केन्द्र वा सप्लायर्स मार्फत दिइएको निवेदन अनुसार मौज्दात परिमाण प्रमाणित गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।

(१०) नगरपालिकाले अनुगमनको क्रममा फेला परेका बेवारिसे तथा मौज्दात परिमाण प्रमाणित नभएका नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा,माटो,बलौटो,भरौट) जफत गरि कानुन बमोजिम गर्नु पर्ने छ ।

**५. अनुगमन सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम नगरपालिका भित्र नदिजन्य पदार्थ मौज्दात परिमाण प्रमाणित गर्ने प्रयोजनको लागि देहाय बमोजिमको एक नगरपालिका स्तरीय अनुगमन समिति गठन गरिने छ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् ।

| | |
|---|---|
| (क) नगर उपप्रमुख | संयोजक |
| (ख) सम्बन्धित वडाको वडा अध्यक्षहरु | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य |
| (घ) प्राविधिक शाखा प्रमुख | सदस्य |
| (ङ) राजश्व शाखा प्रमुख | सदस्य सचिव |

(३) प्राविधिक शाखाले अनुगमन समितिको रोहवरमा मौज्दात परिमाणको नाप जाँच गरि प्रतिवेदन तयार गर्नेछ।

(४) समितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई आमन्त्रित गर्न सक्नेछ ।

**६.मौज्दात परिमाण प्रमाणित गर्ने अधिकार:** प्राविधिक प्रतिवेदन तथा राजश्व शाखाको राय बमोजिम मौज्दात प्रमाणित हुन उपयुक्त रहेमा कार्यपालिकाको वैठकबाट निर्णय गरि मौज्दात प्रमाणित गर्नुपर्ने छ ।

**७. थपघट तथा हेरफेर :** (१) यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले थपघट, हेरफेर, खारेज वा संशोधन गर्न सक्नेछ ।

**८. बाधा, अड्काउ, फुकाउः** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा, अड्काउ आइपरेमा नगर कार्यपालिकाको निर्णय अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) यस कार्यबिधिमा लेखिएदेखि बाहेकका कुराको हकमा नेपाल सरकारबाट जारी गरिएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम हुने छ ।

अनुसूची १
(दफा ४ को उपदफा (५) संग सम्बन्धित ।

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुरुङ्गा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
मधुपट्टी, ससरी ।

**विषयः नदिजन्य पदार्थको मौज्दात परिमाण प्रमाणित गरी पाँउ ।**

प्रस्तुत विषयमा यस आ.व...........मा संचालित ठेक्कापट्टा नं......... तथा ...............खोला बाट सुरुङ्गा नगरपालिका कम्पनी/सप्लायर्सले खरिद बिक्रि गरि बाकी रहेको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मौज्दात परिमाण प्रमाणित गरिदिनु हुन तपसिल बमोजिमका कागजातहरु संलग्न गरी निवेदन पेश गरेको छु ।
तपसिल

१. फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
२. मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।
३. करचुक्ता वा म्याद थपको प्रमाणपत्रको प्रतिलिपी ।
४. नदिजन्य पदार्थ खरिद गरेको नगदी रसिद ।
५. मौज्दात परिमाण रहेको स्थान र जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी ।
६. बहालमा लिएको जग्गाको सम्झौता पत्र वा मन्जुरीनामाको प्रतिलिपी ।

उलेखित विवरण ठिक साचो हो, झुठा ठहरिएमा प्रचलित कानुन वामोजिम सहुला बुझुला।

**निवेदक**
दस्तखतः

प्रोप्राईटरको नामः
कम्पनीको नामः
ठेगानाः
मोबाईल नं.
कम्पनीको छापः

अनुसूची २

(दफा ४ को उपदफा (६) संग सम्बन्धित)

सुरुङ्गा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मधुपट्टि,ससरी ।

प.स.- मिति-

**विषयः- मौज्दात परिमाणको विवरण उपलब्ध गराईएको सम्बन्धमा ।**

श्री .................निर्माण/सप्लायर्स प्रा.लि.

उपरोक्त विषयमा तहाँ................................ ले दिएको निवेदन माग बमोजिम अनुगमन समितिको सिफारिस, स्थलगत मुचुल्का, प्राविधिक प्रतिवेदन र मिति....... को नगरकार्यपालिकाको निर्णय अनुसार तहाँ सप्लायर्स/फर्मको आ.व................ मा तपसिल बमोजिमको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मौज्दात परिमाण रहेको व्यहोरा जानकारी गराईन्छ ।

तपसिलः

| सि.न. | सप्लायर्स/फर्मको नाम | मौज्दात परिमाण रहेको स्थान | मौज्दात परिमाण (घ.फि.) | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

..........................................
प्रमुख प्रशासकीय अधिकृत

नोट : यो मौज्दात परिमाणको विवरण व्यवासायीले बुझाएको विवरणको आधारमा जारी गरिएको छ, यो प्रमाणपत्रमा लेखिएको विवरण र व्यवसायी संग भएको परिमाण नमिलेमा वा फरक परेमा त्यसको कानुनी दायित्व व्यवसायीको हुनेछ र प्रचलित कानुन अनुसार कारबाही हुनेछ ।

**बोधार्थः-**

प्रमाणिकरण मितिः २०८३।०२।२९

**आज्ञाले,**
विकास सुन्दास
प्रमुख प्रशासकीय अधिकृत